**माननीय प्रदेश प्रमुख ज्यू,**
**प्रदेश प्रमुखको कार्यालय**
**सुदूरपश्चिम प्रदेश ,धनगढी, कैलाली।**

**विषय : आ.व. ०७६।०७७ को वार्षिक प्रतिवेदन पेश गरिएको ।**

नेपालको संविधान धारा १६० मा महान्यायाधिवक्ताको मातहतमा रहने गरि प्रत्येक प्रदेशमा मुख्य न्यायाधिवक्ता व्यवस्था गरिएको छ । मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका शर्त सम्बन्धी ऐन, २०७५ को दफा ११ बमोजिम मुख्य न्यायाधिवक्ताले प्रत्येक आर्थिक बर्षमा आफ्नो कार्यालयले गरेको काम कारवाही समावेश गरिएको वार्षिक प्रतिवेदन प्रदेश प्रमुख समक्ष पेश गर्ने कानूनी व्यवस्था रहेको छ । उल्लेखित संवैधानिक तथा कानूनी व्यवस्था बमोजिम आर्थिक वर्ष २०७६/२०७७ को वार्षिक प्रतिवेदन तयार गरी माननीय प्रदेश प्रमुख ज्यू समक्ष पेश गरेको छु ।

मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका शर्त सम्बन्धी ऐन, २०७५ को दफा ४ बमोजिम प्रदेश सरकारको हक हित वा सरोकार रहेका, संविधान वा कानूनको व्याख्या सम्बन्धी कुनै जटिल संवैधानिक वा कानूनी प्रश्न समावेश भएका वा सार्वजनिक महत्व वा सार्वजनिक सरोकारका विषयमा अदालत समक्ष उपस्थित भई बहस तथा पैरवी गर्ने र गराउने कानूनी अधिकार मुख्य न्यायाधिवक्तालाई रहेको छ । कानून कार्यान्वयनका क्रममा कुनै कठिनाई आएमा वा प्रदेश अन्तर्गतका कार्य क्षेत्रमा कुनै विषयमा कानून बनाउनु पर्ने देखिएमा वा कानून संसोधन गर्ने वा भईरहेको कानून लागू गर्ने कारण खुलाई प्रदेश सरकार समक्ष सिफारिस गर्ने दायित्व मुख्य न्यायाधिवक्तालाई तोकिएको छ । प्रदेश सरकारले बनाएका ऐन तथा नियमावली कार्यान्वयनका लागि प्रदेश सरकार अन्तर्गतका निकायहरुसँग आवश्यक समन्वय तथा सहकार्य गर्ने कार्य अविच्छिन्न रुपमा चलिरहेको छ । साथै प्रदेश सरकारका निकायबाट अदालत समक्ष पेश हुने लिखित जवाफमा एकरुपता कायम गर्न र प्रादेशिक कानूनको मस्यौदामा स्तरियता कायम गर्न सम्बन्धित मन्त्रालयसँग समन्वय गर्ने र निर्देशन दिने काम मुख्य न्यायाधिवक्ताबाट निरन्तर भई रहेकै छ ।

मुख्य न्यायाधिवक्ताको रुपमा नियुक्ती भएको २ वर्ष ७ महिनाको अवधिमा, पहिलो वर्ष आधार वर्ष भएकोले कार्यालयको भौतिक संरचना निर्माण, नेपालको संविधानमा प्रदेश सरकारलाई प्रदान गरेको अधिकारको अनुसुची -६ , संघ र प्रदेशका साझा अधिकार अनुसुची -७ र संघ, प्रदेश र स्थानीय तहका साझा अधिकार अनुसुची -९ लगाएतका अधिकार सम्बन्धी अध्ययन स्रोत सामाग्रीको प्रकाशन, कर्मचारीको पदपुर्ती र सम्बन्धित प्रदेश तथा संघीय कार्यालयसँग आवश्यक समन्वय र सहकार्य वर्षको रुपमा रहेको थियो ।

यसै आ.व मा कार्यालयको नीतिगत सुधारमा मुख्य न्यायाधिवक्ताको कार्यालयले महत्वपुर्ण कार्य गरेको छ । प्रदेश सरकारका तर्फबाट हिरासत वा थुनुवा कक्षमा रहेका नागरिक उपर राज्यले मानवोचित व्यहार भए नभएको

सम्बन्धमा हिरासत तथा थुनुवा कक्षामा रहेका नागरिक अधिकारको हनन् हुन नदिन अनुगमन गर्ने काम थालनी भएको छ । यस कार्यालयबाट सम्पादन गरिने कार्यहरुलाई व्यवस्थित गर्न हिरासत तथा थुनुवा कक्ष अनुगमन निर्देशिका, कानूनी राय सम्बन्धी निर्देशिका, बहस पैरवी तथा प्रतिरक्षा निर्देशिका र कानून व्यवसायको सेवा प्राप्त गर्ने निर्देशिका तर्जुमा गरी कार्यान्वयनमा ल्याईएको छ । मुख्य न्यायाधिवक्ताको कार्यालयको आचार संहिताको प्रारम्भिक मस्यौदा समेत तयार गरी स्वीकृतिका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेश गरिएको छ । मुख्य न्यायाधिवक्ताको कार्यालय स्थापना भएको छोटो अवधिमा संस्थागत सुधार र सम्बन्धित सरोकारवाला निकायसँग समन्वय र सहकार्यको वातावरणमा अनवरत रुपमा वृद्धि हुँदै गएको छ ।

प्रदेश सरकारका गतिविधि कामकारवाही र नागरिक सचेतनाले विगत दुई वर्षभन्दा यो आर्थिक वर्षमा प्रदेश सरकारसँग सरोकार राख्ने विषयामा मुद्दा मामिला बढेका छन् । प्रदेश सरकारका विभिन्न मन्त्रालय र विभागहरुमा कानून अधिकृत दरबन्दी पुर्ती भए सँगै कानूनी राय माग गर्ने संख्यामा कमी आएता पनि मौखिक परामर्श लिने संख्या सन्तोषजनक रहेको छ । यस प्रतिवेदनमा मुख्य न्यायाधिवक्ताको कार्यालयको संगठनात्मक संरचना, मुख्य न्यायाधिवक्ताबाट प्रदान गरेको कानूनी राय, विभिन्न अदालतहरुमा प्रदेश सरकारका तर्फवाट गरिएको बहस पैरवी तथा प्रतिरक्षा गर्ने क्रममा देखिएका समस्याहरु र ती समस्याहरु समाधान गर्न सुझावहरु समेत प्रस्तुत गरिएको छ । कोभिड -१९ का कारण अदालतबाट तोकिने पेशी, रिट निवेदनको फछर्यौट तथा फैसलामा केही कमी देखिएको छ । साथै यस प्रदेशका सबै जिल्लामा संचालन गर्नु पर्ने “कानूनी राय तथा लिखित जवाफ सम्बन्धी” कार्यक्रम पनि स्थगित गरिएको थियो ।

प्रस्तुत प्रतिवेदनमा बढी सुचनामुलक र बोधगम्य बनाउन तथ्याङ्कको तालिकीकरण गरी विभिन्न अनुसुचीहरुको व्यवस्था समेत गरिएको छ । प्रस्तुत प्रतिवेदनमा मुद्रण वा गणितीय भुलवस तथ्याङ्क र विश्लेषणमा व्यहोरा फरक पर्न गएमा आगामी वर्षहरुमा सुधार गर्दै लाने प्रतिवद्धता व्यक्त गदै यस प्रतिवेदन तयार गर्न आवश्यक तथ्याङ्क विवरण उपलब्ध गराउनु हुने न्यायाधिवक्ताहरु र कर्मचारीहरु लगाएत सबैलाई हार्दिक धन्यवाद दिन चाहन्छु । अन्तमा संविधानले आत्मसात गरेको स्वतन्त्र न्यायपालिका, कानूनी राज्यको अवधारणा, कानून तथा न्यायका मान्य सिद्धान्त र मानव अधिकार प्रति उच्च आस्था र विश्वास राख्दै यस कार्यालयका कामकारवाही थप प्रभावकारी र जनमैत्री बनाउनका लागि सदैव क्रियाशिल रहने प्रतिबद्धता व्यक्त गर्दछु ।

२०७७ असोज

...............................

**(कुलानन्द उपाध्याय)**
**मुख्य न्यायाधिवक्ता**
**मुख्य**
**न्यायाधिवक्ताको कार्यालय**
**सुदूरपश्चिम प्रदेश**

## बिषय सूची


परिच्छेद -१

सामान्य परिचय

१. परिचय

२. मुख्य न्यायाधिवक्ताको जिम्मेवारी

३. उपन्यायाधिवक्ता र शाखा अधिकृतको जिम्मेवारी

४. वार्षिक प्रतिवेदन पेश गर्ने सम्वन्धी व्यवस्था

परिच्छेद -२

संगठनात्मक स्वरुप र कार्यहरु

५. संगठनात्मक स्वरुप

६. प्रस्तावित संगठनात्मक संरचना

७. सम्पादित कार्यहरु

परिच्छेद -३

बाल सुधार गृह अनुगमन

८. परिचय,

९. समस्या

१०. सुझावहरु

परिच्छेद -४

भ्रमण,गोष्ठी,तालिम र सेमिनारमा सहभागिता तथा थप जिम्मेवारी

११. भ्रमण,गोष्ठी, तालिम र सेमिनार

१२. थप जिम्मेवारी

परिच्छेद -५

उपलव्धी,समस्या र सुझाव

१३. उपलव्धी

१४. समस्या

१५. सुझाव

अनुसूचीहरु

अनुसूची १ देखी ११ सम्म

## परिच्छेद - १
## सामान्य परिचय

### १ परिचयः

नेपालको संविधानको धारा १६० ले व्यवस्था गरे बमोजिम यस प्रदेशमा मुख्य न्यायाधिवक्ताको कार्यालय स्थापना भएपश्चात संविधानले परिकल्पना गरेको शासन पद्दतिलाई संस्थागत गर्ने कार्य अनवरत रुपमा जारी छ । संविधानले परिकल्पना गरेको कानूनी शासनको सर्वोच्चता र मानव अधिकार तथा मौलिक अधिकार जस्ता लोकतन्त्रका आधारभूत विशेषताहरुको सम्मान गर्दै शासनमा जनताको सहभागिता सुनिश्चित गर्न समानुपातिक समावेशी लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको नयाँ अभ्यास गरिरहेका छौं । नेपालमा भएको १० वर्षीय सशस्त्र युद्ध, २०६२।०६३ सालको जन आन्दोलनबाट प्राप्त उपलव्धीहरुको रक्षा र संघीय लोकतान्त्रिक गणतन्त्र संस्थागत गर्नेका लागि संघीय सरकार सहित ७ वटा प्रदेश सरकार र ७५३ वटा स्थानीय तहको मुख्य संवैधानिक दायित्व रहेको छ ।

नेपालको संविधानको धारा १६० ले मुख्य न्यायाधिवक्ताको नियुक्ती मुख्यमन्त्रीको सिफारिसमा प्रदेश प्रमुखबाट हुने व्यवस्था भए बमोजिम मिति २०७४।१२।१४ गते नियुक्त भई मुख्य न्यायाधिवक्ता श्री कुलानन्द उपाध्याय ज्यूले कामकाज गर्दै आउनु भएको छ । मुख्य न्यायाधिवक्ता प्रदेश सरकारको मुख्य कानूनी सल्लाहकार हुने र सो कार्यालय अन्तर्गतका कर्मचारीहरुको व्यवस्थापन महान्यायाधिवक्ताको कार्यालयले गर्ने तथा मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका शर्त प्रदेश कानून बमोजिम हुने संवैधानिक व्यवस्था रहेको छ । सोही बमोजिम यस प्रदेशमा मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका शर्त सम्वन्धी ऐन, २०७५ प्रदेश सभाबाट पारित भई कार्यान्वयनमा आईसकेको छ ।

### २ मुख्य न्यायाधिवक्ताको जिम्मेवारी

संवत् २०७२ साल असोज ३ गते संविधान सभाबाट जारी भएको नेपालको संविधानले नेपालमा संघीय गणतन्त्रात्मक शासन व्यवस्थालाई अंगिकार गरेको छ । संविधानको धारा १६० ले महान्यायाधिवक्ताको मातहतमा रहने गरी संघीयता कार्यान्वयन गर्ने उद्देश्यले संघीयताको ढाँचामा सातवटा प्रदेशमा एक/एक मुख्य न्यायाधिवक्ता रहने संम्बैधानिक व्यवस्था रहेको छ । मुख्य न्यायाधिवक्ता प्रदेश सरकारको मुख्य कानूनी सल्लाहकार हुने तथा संवैधानिक एवं कानूनी विषयमा प्रदेश सरकार वा प्रदेश सरकारले तोकिदिएका अन्य अधिकारीलाई कानूनी राय सल्लाह दिनु मुख्य न्यायाधिवक्ताको कर्तव्य हुने ब्यवस्था गरेको छ साथै मुख्य न्यायाधिवक्ताको काम कर्तब्य र अधिकार तथा सेवाका अन्य शर्त प्रदेश कानून बमोजिम हुने ब्यवस्था समेत गरेको पाईन्छ ।

यसै गरी मुख्य न्यायाधिवक्ताको काम कर्तब्य अधिकार तथा सेवाका शर्तहरु सम्बन्धी ऐन २०७५ ले देहाय बमोजिमको काम कर्तब्य र अधिकार प्रदान गरेको छ :-

(१) संविधानको धारा १६० मा उल्लेखित काम, कर्तव्य र अधिकारको अतिरिक्त मुख्य न्यायाधिवक्ताको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ;

(क) प्रदेश सरकार पक्ष वा विपक्ष भएको वा प्रदेश सरकारको हक, हित वा सरोकार रहेको, संविधान वा कानूनको व्याख्या सम्बन्धी कुनै जटिल संवैधानिक वा कानूनी प्रश्न समावेश भएको वा सार्वजनिक महत्व वा सार्वजनिक सरोकारको विचाराधीन मुद्दामा प्रदेश सरकार वा प्रदेश सरकारको तर्फबाट अदालतमा उपस्थित भई बहस पैरवी गर्ने, गराउने ।

(ख) प्रदेश सरकार र मातहतका निकायहरुका नाममा अदालतबाट भएका आदेश वा फैसलाहरुको प्रभावकारी कार्यान्वयन गर्न गराउन प्रदेश स्थित मन्त्रालय, सचिवालय, विभाग वा कार्यालयलाई पत्राचार गरी कार्यान्वयनको अनुगमन गर्ने गराउने ।

(ग) प्रचलित प्रदेश कानूनको कार्यान्वयनको क्रममा कुनै कठिनाई आई परेमा वा प्रदेशको कार्य क्षेत्रको कुनै विषयमा तत्काल कानून बनाउनु पर्ने वा भईरहेको कानून संशोधन गर्न वा भैरहेको कानून लागू गर्नु पर्ने देखिएमा कारण खुलाई प्रदेश सरकार समक्ष सिफारिस गर्ने।

(घ) प्रदेश सरकारका मन्त्रालय, सचिवालय, विभाग वा अन्य प्रदेश सरकारका कार्यालयबाट अदालतमा प्रस्तुत हुने लिखित जवाफ लगायतका कानूनी मस्यौदामा स्तर तथा एकरुपता कायम गर्न त्यस्ता कार्यालयसंग आवश्यक समन्वय गर्ने र त्यस्ता कार्यालयलाई आवश्यक निर्देशन दिने ।

(ङ) प्रदेश सरकारको मातहतमा रहेका हिरासत तथा थुनुवा कक्षमा रहेका थुनुवाहरु उपर मानवोचित व्यवहार भए नभएको सम्वन्धमा अनुगमन गरी मानवोचित व्यवहार गर्न आवश्यक निर्देशन दिने र सो को अनुगमन प्रतिवेदन महान्यायाधिवक्ता तथा मुख्यमन्त्री समक्ष पेश गर्ने ।

(च) प्रदेश सरकार, प्रदेश सरकारको कार्यालय वा प्रदेश सरकारले तोकिदिएको अधिकार कुनै संवैधानिक वा कानूनी प्रश्नमा राय माग गरेमा कानूनी राय दिने ।

(२) प्रदेश सरकारलाई सरोकार पर्ने कुनै मुद्दामा बहस पैरवी वा प्रतिरक्षाको लागि सम्बन्धित अधिकारीले मुख्य न्यायाधिवक्तालाई अनुरोध गरी पठाएमा मुख्य न्यायाधिवक्ता आफैले प्रतिनिधित्व गर्ने वा कुनै न्यायाधिवक्तालाई खटाउन सक्नेछ ।

(३) कुनै न्यायिक वा अर्धन्यायिक निकायबाट भएको निर्णय वा आदेशबाट प्रदेश सरकारको हकहित वा सार्वजनिक हितमा असर पर्ने रहेछ र त्यस्तो निर्णय वा आदेश विरुद्ध मुद्दा दायर गर्न, पुनरावेदन गर्न वा पुनरावलोकनको लागि निवेदन दिन वा अन्य कुनै कानूनी उपचार प्राप्त गर्न कानून बमोजिम कुनै अधिकारी तोकिएको रहेनछ भने

मुख्य न्यायाधिवक्ता वा निजले तोकेको न्यायाधिवक्ताले त्यस्तो निर्णय वा आदेश विरुद्ध कानून बमोजिम सम्बन्धित निकायमा मुद्दा दायर गर्न, पुनरावेदन गर्न वा पुनरावलोकनको लागि निवेदन दिन सक्नेछ ।

(४) प्रदेश कानून बमोजिम स्थापित संस्था वा निकायले गरेको कुनै निर्णय वा काम कारबाहीबाट प्रदेश सरकारको हक हित प्रतिकूल भएको वा संविधान वा प्रचलित कानूनको उल्लङ्घन वा सार्वजनिक हित विपरीत भएको छ भन्ने मुख्य न्यायाधिवक्तालाई लागेमा र त्यस्तो निर्णय वा काम कारबाही विरुद्ध उजूर गर्न कानूनले कुनै अधिकारी तोकिएको रहेनछ भने मुख्य न्यायाधिवक्ता आफैंले वा निजले तोकेको न्यायाधिवक्ताले त्यस्तो निर्णय वा काम कारबाही विरुद्ध कानूनी उपचार प्राप्त गर्न सक्नेछ ।

(५) मुख्य न्यायाधिवक्तालाई सम्वन्धित प्रदेश सरकारको हक हित र सरोकार रहेको विषयमा नेपालको जुनसुकै अदालत, न्यायिक निकाय, कार्यालय र पदाधिकारी समक्ष उपस्थित हुने अधिकार हुनेछ ।

(६) उपदफा (५) मा जुनसुकै कुरा लेखिएको भएता पनि मुख्य न्यायाधिवक्ता पदमा वहाल रहदाको अवधिभर प्रदेश सरकार पक्ष विपक्ष भएको मुद्धामा वाहेक नागरिक पक्ष विपक्ष भएको मुद्धामा वहस, पैरवी वा प्रतिरक्षा गर्ने उद्देश्यले नेपालको जुनसुकै अदालत, न्यायिक निकाय, कार्यालय र पदाधिकारी संमक्ष उपस्थित हुने अधिकार हुनेछैन ।

(७) मुख्य न्यायाधिवक्ताले सम्वन्धित प्रदेश सभा वा त्यसको कुनै समितिले गरेको आमन्त्रण बमोजिम त्यस्तो सभा वा बैठकमा उपस्थित भई कानूनी प्रश्नको सम्वन्धमा राय व्यक्त गर्नेछ ।

(८) मुख्य न्यायाधिवक्ताले विषयको गाम्भिर्यताको आधारमा अदालतमा विचाराधीन कुनै मुद्दामा प्रदेश सरकारको तर्फबाट बहस, पैरवी वा प्रतिरक्षा गर्न विज्ञको आवश्यकता देखेमा प्रदेश सरकारले निर्धारण गरेको मापदण्डका आधारमा पारिश्रमिक प्रदान गर्ने गरि कुनै कानून व्यवसायीलाई वहस, पैरवी वा प्रतिरक्षा गर्न तोक्न सक्नेछ ।

मुख्य न्यायाधिवक्ताको काम कर्तव्य र अधिकार तथा सेवाका शर्त सम्वन्धी ऐन, २०७५ (सुदूरपश्चिम प्रदेश) ले प्रदेश सरकार र सो अन्तर्गतका निकायहरुले अदालत वा न्यायिक निकायमा पेश गर्ने निवेदन लिखित जवाफ, प्रत्युउत्तर पत्र, पुनरावेदन, पुनरावलोकन लगायतका काम कारवाही अगाडी बढाउदा मुख्य न्यायाधिवक्ताको कार्यालय मार्फत पेश गर्नु पर्ने बहस पैरवी प्रतिरक्षा संवैधानिक वा कानूनी प्रश्नमा राय दिनु पर्ने संघिय कानून कार्यान्वयनको सम्बन्धमा महान्यायाधिवक्ताको आवश्यक सुझाव मार्ग निर्देशन पालना गर्नु पर्ने लगायतका काम कार्वाही गर्नु पर्ने कानूनी ब्यवस्था गरेको देखिन्छ ।

## ३ उपन्यायाधिवक्ता र शाखा अधिकृतहरुको जिम्मेवारी

मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका शर्त सम्वन्धी ऐन, २०७५ बमोजिम आफुमा निहित अधिकार मध्ये मुख्य न्यायाधिवक्ताले सोही ऐनको दफा १५ ले दिएको अधिकार प्रयोग गरि दफा ४ को उपदफा १ मा उल्लेखित निम्न लिखित काम, कर्तव्य र अधिकारहरु सरकारी वकील समुहका उपसचिव तथा शाखा अधिकृतले प्रयोग गर्न पाउने गरि प्रत्यायोजन गरिएको छ ।

क. प्रदेश सरकार पक्ष वा विपक्ष भएको वा प्रदेश सरकारको हक, हित वा सरोकार रहेको संविधान वा कानूनको व्याख्या सम्वन्धी कुनै जटिल संवैधानिक वा कानूनी प्रश्न समावेश भएको वा सार्वजनिक सरोकारको विचारधीन मुद्धामा प्रदेश सरकार वा प्रदेश सरकारको तर्फबाट अदालतमा उपस्थित भई बहस पैरवी गर्ने, गराउने,

ख. प्रदेश सरकार र मातहतका निकायहरुका नाममा अदालतबाट भएका आदेश वा फैसलाहरुको प्रभावकारी कार्यान्वयन गर्न गराउन प्रदेश स्थित मन्त्रालय, सचिवालय,विभाग वा कार्यालयलाई पत्राचार गरी कार्यान्वयनको अनुगमन गर्ने गराउने,

ग. प्रचलित प्रदेश कानूनको कार्यान्वयनको क्रममा कुनै कठिनाई आई परेमा वा प्रदेशको कार्यक्षेत्रको कुनै विषयमा तत्काल कानून बनाउनु पर्ने वा भैरहेको कानून लागू गर्नु पर्ने देखिएमा कारण खुलाई प्रदेश सरकार समक्ष सिफारिस गर्ने,

घ. प्रदेश सरकारका मन्त्रालय, सचिवालय, विभाग वा अन्य प्रदेश सरकारका कार्यालय बाट अदालतमा प्रस्तुत हुने लिखित जवाफ लगायतका कानूनी मस्यौदामा स्तर तथा एकरुपता कायम गर्न त्यस्ता कार्यालयसंग आवश्यक समन्वयन गर्ने र त्यस्ता कार्यालयलाई आवश्यक निर्देशन दिने,

ङ. प्रदेश सरकारको मातहतमा रहेका हिरासत तथा थुनुवा कक्षका रहेका थुनुवाहरु उपर मानवोचित व्यवहार भए नभएको सम्वन्धमा अनुगमन गरी मानवोचित व्यहार गर्न आवश्यक निर्देशन दिने र सो को अनुगमन प्रतिवेदन महान्यायाधिवक्ता तथा मुख्यमन्त्री समक्ष पेश गर्ने,

यसरी मुख्य न्यायाधिवक्ताले आफुमा निहित अरु जुनसुकै अधिकारहरु प्रत्यायोजन गरेता पनि महान्यायाधिवक्ताको कार्यालयबाट खटिएका अधिकृतले नेपाल सरकारको विरुद्धमा बहस पैरवी वा प्रतिरक्षा गर्ने गरी अधिकार प्रत्यायोजन गर्न सकिने छैन भन्ने ब्यवस्था सोही ऐनमा उल्लेख भएबाट सो विषयसंग सम्बन्धित अधिकार वाहेकका अन्य अधिकारहरु मुख्य न्यायाधिवक्ताको कार्यालयमा कार्यरत उप न्यायाधिवक्ता र शाखा अधिकृतलाई प्रत्यायोजन भएको देखिन्छ ।

## ४ वार्षिक प्रतिवेदन पेश गर्ने सम्वन्धी व्यवस्था

मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका शर्त सम्बन्धि ऐन, २०७५ को दफा ११ ले मुख्य न्यायाधिवक्ताले प्रत्येक आर्थिक बर्षमा आफ्नो कार्यालयले गरेका काम कारवाहीको सम्बन्धमा तोकिएको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरी त्यस्तो आर्थिक वर्ष समाप्त भएको तीन महिना भित्र प्रदेश प्रमुख समक्ष पेश गर्नु पर्नेछ र प्रदेश प्रमुखले मुख्यमन्त्री मार्फत त्यस्तो प्रतिवेदन प्रदेश सभामा पेश गर्न लगाउने कानूनी व्यवस्था भएको पाईन्छ ।

यसरी पेश गरिने वार्षिक प्रतिवेदनमा अन्य कुराका अतिरिक्त आफ्नो र मातहतका कार्यालयको भौतिक स्थिति, कार्यबोझ, काम कारवाही र बिनियोजित रकम तथा उपलव्धिको विषयमा आवश्यक सिफारिस र सुझावहरु समेत उल्लेख गर्नु पर्ने व्यवस्था भए गरेको पाईन्छ । मुख्य न्यायाधिवक्ताको कार्यालय, पद, सेवा, शर्त र सुविधा तथा काम कर्तव्य र अधिकार सम्बन्धमा नयाँ सवैधानिक तथा कानूनी अभ्यास भएकोले कतिपय कुराहरु नियमन गर्न प्रचलित कानूनको अभ्यासमा भर पर्नु पर्ने अवस्था छ । यस कार्यालयको संरचना कर्मचारी संगठनको परिचालन तथा अन्य समकक्षी कार्यालयहरुको समन्वय सहकार्य कार्यालयको कामको प्रकृतिसंग मेल खाने हिसावले कार्यालयको स्थिति संस्थागत गर्न व्यवसायिक ढंगले अगाडी बढ्नु पर्ने ऐनको आसय रहेको हुँदा बार्षिक प्रतिवेदन प्रस्तुत गर्नु पर्ने व्यवस्था ऐनमा राखिएको देखिन्छ ।

# परिच्छेद - २
# संगठनात्मक स्वरुप र कार्यहरु

## ५. संगठनात्मक स्वरुप

नेपालको संविधानको धारा १६० मा महान्यायाधिवक्ताको मातहतमा रहने गरी प्रत्येक प्रदेशमा एक मुख्य न्यायाधिवक्ता रहने व्यवस्था रहेको छ । मुख्य न्यायाधिवक्ता प्रदेश सरकारको मुख्य कानूनी सल्लाहकार हुने तथा संवैधानिक एवं कानूनी विषयमा प्रदेश सरकार वा प्रदेश सरकारले तोकिदिएका अन्य अधिकारीलाई कानूनी राय सल्लाह दिने संवैधानिक व्यवस्था रहेको छ । सो संवैधानिक व्यवस्था कार्यान्वयन लागि नेपाल सरकार मन्त्रिपरिषद्को

मिति २०७५/२/६ गतेको निर्णय अनुसार मुख्य न्यायाधिवक्ता कार्यालयको संगठन संरचना तयार भएको हो । जस अनुसार नेपाल न्याय सेवा सरकारी वकील समूहको उपन्यायाधिवक्ता / उपसचिवको नेतृत्वमा बिभिन्न तह र श्रेणीका ११ जनाको दरबन्दी कायम भै कानूनी राय तथा प्रतिरक्षा शाखा, प्रशासन शाखा र आर्थिक प्रशासन शाखा रहने गरी कानूनी ब्यवस्था गरिएको छ । यस प्रदेशमा मुख्य न्यायाधिवक्ताको कार्यालय मिति २०७४/१२/१४ मा स्थापना भई संचालनमा आएको हो । यस कार्यालयको संगठानात्मक स्वरुपलाई यस प्रतिवेदनको **अनुसुची १** मा प्रस्तुत गरिएको छ ।

## ६. प्रस्तावित संगठनात्मक संरचना

मुख्य न्यायाधिवक्ताज्यूहरुको माननीय महान्यायाधिवक्ताज्यूसँग भएको छलफल तथा अन्तर्क्रिया कार्यक्रममा मुख्य न्यायाधिवक्ताको कार्यालयका लागि कार्यबोझका आधारमा विद्यमान दरबन्दी पुनरावलोकन गर्नुपर्ने भनी विषय उठान भएको सन्दर्भमा महान्यायाधिवक्ताको कार्यालयको मिति २०७६।०८।२६ गतेको पत्रानुसार सातवटै प्रदेश स्थित मुख्य न्यायाधिववक्ताको कार्यालयको कार्यबोझ विश्लेषण गरि संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी दरबन्दी पुनरावलोकन गर्नका लागि लेखिआएकोले यस कार्यालयको मिति २०७६।११।१५ गतेको निर्णय बमोजिम तपसिलका सदस्यहरु रहने गरि एक समिति गठन गरिएको थियो ।

१. उपन्यायाधिवक्ता श्री फटिकराज मुडभरी,सयोजक ,मुख्य न्यायाधिवक्ताको कार्यालय
२.कानून अधिकृत श्री लक्ष्मीराज जोशी,सदस्य,आन्तरिक मामिला तथा कानून मन्त्रालय
३.शाखा अधिकृत श्री सुरबहादुर परियार, सदस्य, मुख्य न्यायाधिवक्ताको कार्यालय
४.लेखा अधिकृत श्री चन्द्र प्रसाद जोशी, सदस्य, मुख्य न्यायाधिवक्ताको कार्यालय
५. अधिकृत श्री सत्यराज पडाल, सदस्य सचिव, मुख्य न्यायाधिवक्ताको कार्यालय

यस समितिले लगभग दुई हप्ताको समयमा कार्यालयको वर्तमान कार्यबोझ तथा भावी कार्य क्षेत्रको विस्तृत अध्ययन गरी मुख्य न्यायाधिवक्ताज्यू समक्ष मिति २०७६।११।३० गते संगठन तथा व्यवस्थापन सर्वेक्षणको प्रतिवेदन पेश गरेको थियो । यस कार्यालयको प्रस्तावित संगठनात्मक स्वरुपको सक्षिप्त रुप प्रस्तुत प्रतिवेदनको **अनुसूची २** मा उल्लेख गरिएको छ ।

## ७. सम्पादित कार्यहरुः-

यस कार्यालयबाट आ व २०७६ /७७ मा सम्पादन गरिएका मुख्य-मुख्य कार्यहरु देहाय बमोजिम प्रस्तुत गरिएको छ ।

**(क) कार्यक्रम सम्वन्धी**

सुदूरपश्चिम प्रदेश सरकारबाट बजेट बिनियोजित भए बमोजिम यस कार्यालयबाट प्रदेश सरकार तथा मातहतका निकायहरुबाट कानूनी राय माग गर्दा अपनाउनु पर्ने कार्यविधि बारे सम्बन्धित सरोकारवालालाई जानकारी गराउनुका साथै प्रदेश सरकार तथा मातहतका निकाय विरुद्ध दायर हुने रिटको लिखित जवाफ अदालत समक्ष पेश गर्दा उक्त लिखित जवाफमा एकरुपता कायम गराउने उद्देश्यका साथ मन्त्रालय तथा अन्तर्गतका कार्यालयहरुका प्रतिनिधिहरुलाई **"कानूनी राय तथा लिखित जवाफ"** सम्बन्धी एक दिने प्रशिक्षण कार्यक्रम ९ वटै जिल्लामा संचालन गर्ने कार्य योजना बनाईएको थियो । तर कोरोना महामारीका कारण देशव्यापी लकडाउन हुनुका साथै संक्रमणको जोखिम उच्च रहेको र नेपाल सरकारबाट सभा, बैठक तथा भेला जस्ता समूहमा आयोजना गरिने कार्यक्रम संचालन गर्नमा निषेध गरिएको हुँदा लकडाउन हुन पूर्व केवल कैलाली जिल्लामा मात्र **"कानूनी राय तथा लिखित जवाफ"** सम्बन्धी एक दिने प्रशिक्षण कार्यक्रम २०७६।११।१५ गते आयोजना गरिएको थियो । उक्त कार्यक्रम सम्बन्धी विस्तृत विवरण यस प्रतिवेदनको **अनुसूची ३** मा उल्लेख गरिएको छ ।

(ख) **मुद्दा सम्वन्धी**

संवैधानिक एंव नागरिक अधिकारको प्रभावकारी प्रचलनका लागी प्रदेश व्यवस्थापिकालाई संक्रिय बनाउन नागरिकहरुबाट अदालती अभ्यास गर्ने परम्पराको थालनी भएको छ । यस कार्यालयबाट श्री सर्वोच्च अदालत, श्री उच्च अदालत दिपायल डोटी र श्री उच्च अदालत दिपायल, महेन्द्रनगर ईजलासमा लिखित जवाफ प्रस्तुत गर्ने, बहस पैरवी गर्ने , प्रतिरक्षा गर्ने र निवेदन मस्यौदा गर्ने समेतका कार्य सम्पादन गरिएको छ । यो सम्वन्धी विस्तृत विवरण यस प्रतिवेदनको **अनुसुची** ४ मा प्रस्तुत गरिएको छ ।

(ग) **बहस, पैरवी तथा प्रतिरक्षा सम्वन्धी**

सुदूरपश्चिम प्रदेश सरकार तथा मातहतका निकायहरुले अदालत वा न्यायिक निकायहरुमा निवेदन, लिखित जवाफ, प्रत्युत्तर, पुनरावेदन, पुनरावलोकन पेश गर्दा वा बहस पैरवी तथा प्रतिरक्षा गर्नुपर्ने भए यस कार्यालय मार्फत तीनै तहका अदालतमा उपस्थित हुनु पर्ने कानूनी व्यवस्था भएको हुँदा श्री सर्वोच्च अदालत, श्री उच्च अदालत दिपायल डोटी र श्री उच्च अदालत दिपायल महेन्द्रनगर ईजलासमा लिखित जवाफ प्रस्तुत गर्ने तथा बहस पैरवी र प्रतिरक्षाको कार्य सम्पन्न गरिएको छ । यस सम्वन्धी विस्तृत विवरण यस प्रतिवेदनको **अनुसुचि ५** मा प्रस्तुत गरिएको छ ।

(घ) **कानूनी राय सम्बन्धी**

नेपालको संविधानको धारा १६० ले मुख्य न्यायाधिवक्ता प्रदेश सरकारको मुख्य कानूनी सल्लाहकार हुने तथा संवैधानिक एवं कानूनी व्यवस्था रहेको छ । संविधान तथा कानूनका विषयमा प्रदेश सरकार वा प्रदेश सरकारले तोकिदिएका अन्य अधिकारीलाई राय सल्लाह दिनु

मुख्य न्यायाधिवक्ताको कर्तब्य हुने ब्यवस्था मुख्य न्यायाधिवक्ताको काम,कर्तव्य र अधिकार तथा सेवाका शर्त सम्वन्धी ऐन २०७५ मा व्यवस्था भएको छ । सुदूरपश्चिम प्रदेश सरकार अन्तर्गतका विभिन्न निकायहरु तथा अधिकारीहरुलाई कानूनी तथा संवैधानिक विषयमा राय प्रदान गर्दै आएको छ । यस आ.व. २०७६।७७ मा प्रदेश सरकारका विभिन्न मन्त्रालय तथा कार्यालयमा कानून अधिकृतहरुको दरबन्दी परिपुर्ति हुदै आएकोले कानूनी राय मागमा पनि कमि आएको छ ।

**(ङ) संस्थागत सुशासन तथा नीति निर्माण**

मुख्य न्यायाधिवक्ताको कार्यालयले यस आ.व. मा संस्थागत सुधार तथा आधार वर्षका रुपमा मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका शर्त सम्बन्धि ऐन, २०७५ (सुदूरपश्चिम प्रदेश) ले प्रदान गरेको कानूनी अधिकारको प्रयोग गरी नीतिगत रुपमा थप स्पष्ट भई कार्यालयका काम कारवाही गर्ने र सुशासन तथा जवाफदेहिताको संस्कार विकासमा टेवा पुग्ने हेतुले विभिन्न निर्देशिका निर्माण गरेको छ । मुख्य न्यायाधिवक्ताको कार्यालयले कानूनी राय सम्बन्धि निर्देशिका, बहस पैरवी तथा प्रतिरक्षा सम्बन्धी निर्देशिका र कारागार तथा हिरासत अनुगमन निर्देशिकालाई माननीय मुख्य न्यायाधिवक्ताले ज्यूले स्वीकृत गरी लागु गरिकोएको अवस्था छ । जसले यस कार्यालयका काम कारवाही सरल, सहज र कानून बमोजिम सम्पादन गर्नमा एकरुपता कायम गरि संस्थागत सुशासनको आधार तयार पर्ने काम भएको छ ।

**(च) कार्यालयको भौतिक स्थिति**

यस कार्यालयको स्थापना जिल्ला कैलाली धनगढी उपमहानगरपालिका वाडा नं १ मा गरिएको भएतापनि यस कार्यालयको स्वामित्वमा घर जग्गा नभएको हुदाँ मालपोत कार्यालय धनगढी कैलालीको नाममा दर्ता श्रेस्ता कायम रहेको पुरानो घरको ४ वटा कोठाबाट कार्य सम्पादन गर्दै आएकोमा आ.व. २०७५।७६ मा उक्त ४ कोठे भवनको माथि ३ वटा कोठा थप गरी निर्माण गरिएको छ । कार्यालय भवनमा तल्लो र माथिल्लो तलागरी जम्मा ७ कोठा रहेका छन । कार्यालयमा सवारी साधन , ल्याप्टप, कम्प्युटर, प्रिन्टर, इन्भटर, टेलिफोन, मोटरसाइकल, साइकल, मोबाइल, लगायतका भौतिक श्रोत सामग्री रहेका छन् । सो सम्वन्धी विस्तृत विवरण यस प्रतिवेदनको **अनुसूची ६** मा प्रस्तुत गरिएको छ ।

**(छ) विनियोजन सम्वन्धी**

यस कार्यालयमको लागि सुदूरपश्चिम प्रदेश सरकारबाट आ.व. २०७६/०७७ मा चालु खर्च तर्फ रु १,५४,६३,०००।०० बजेट विनियोजित भएकोमा रु १,०७,८५,९११।७८ खर्च एवम् निकासा भएको छ भने पुंजीगत खर्च तर्फ रु ३९,९१,०००।०० बजेट विनियोजित

भएकोमा रु २६,४४,९२९।०० खर्च एवम् निकासा भएको छ । सो को विस्तृत विवरण यस प्रतिवेदनको **अनुसूची ७** मा प्रस्तुत गरिएको छ ।

**(ज) दरबन्दी सम्वन्धीको अवस्था**

यस कार्यालयमा हालसम्म स्वीकृत दरबन्दी अनुसारका कर्मचारीहरुको अभाव नै रहेको छ । कार्य सम्पादनमा थपिएका चुनौतीहरुको सामना गर्न तथा समयको परिवर्तन अनुसार कार्यालयको लक्ष्य ,उद्देश्य र क्षेत्रमा भएको विस्तार अनुरुप कुशलतापूर्वक कार्य सम्पादन गर्न मानव स्रोतको संख्यात्मक विस्तारका साथै जनशक्तिमा समेत सीप र दक्षता बढाई स्रोत साधनले युक्त बनाउन आवश्यक हुन्छ । मुख्य न्यायाधिवक्ताबाट प्रत्यायोजित अधिकार अन्तर्गत तथा अन्य कानूनले तोकेका जिम्मेवारी कुशलतापूर्वक निर्वाह गर्न र कार्य प्रकृतिको अनुपातमा विद्यमान जनशक्ति अझै अपर्याप्त देखिन्छ । यसले गर्दा कार्यको गुणस्तरमा अपेक्षा अनुरुप वृद्धि हुन सकेको छैन । मुद्दाको संख्यात्मक वृद्धि र थपिएको जिमेम्वारी अनुसार संगठन संरचना परिवर्तन र जनशक्ति थप गर्नुपर्ने देखिन्छ । मुख्य न्यायाधिवक्ताको कार्यालयमा रहेका सरकारी वकील तथा कर्मचारीहरुको मौजुदा दरवन्दी यसै प्रतिवेदनको **अनुसूची ८ मा** प्रस्तुत गरिएकोछ ।

## परिच्छेद -३
## बालसुधार गृह अनुगमन

**८. परिचय**

मुख्य न्यायाधिवक्ताको कार्यालय सुदूरपश्चिम प्रदेश धनगढीका मुख्य न्यायाधिवक्ता श्री कुलानन्द उपाध्यायको नेतृत्वमा मिति २०७७ असार ११ गतेका दिन डोटी जिल्लामा रहेको बाल सुधार गृहको अनुगमन कार्य सम्पन्न गरिएको थियो । मुख्य न्यायाधिवक्ताको नेतृत्वमा चार सदस्यीय अनुमगन टोली तय गरिएको थियो।

कोरोना संक्रमण हुनु भन्दा अगाडि ५६ जना थुनुवा तथा कैदी बालकहरु रहदै आएकोमा हाल बाल सुधार गृहमा ३२ जना बालकहरु रहेको पाईयो । उक्त सुधार गृहमा उमेर समुहका आधारमा १२ वर्ष देखी १४ वर्ष मुनिका ३ जना बालक रहेका थिए । त्यसै गरी १४ वर्ष देखी १६ वर्ष मुनिका ११ जना बालक रहेका थिए । १६ वर्ष देखी १८ वर्ष सम्मका १४ जना बालक रहेका थिए । त्यसका साथै १८ वर्ष देखी २० वर्ष सम्मका ४

जना किशोरहरु समेत रहेको पाईयो । जसमा कैद तोकिएका १४ जना र पुर्पक्षका लागि थुनामा १८ जना समेत गरी ३२ जना रहेका **थिए** । बाँकी २३ जनालाई कोरोना महामारीका कारण अभिभावकहरुको जिम्मा लगाईएको पाईयो । १ जना यस अवधिमा सजाय भुक्तानी गरी रिहाई भएको पाईयो । मुद्दागत हिसावले बाल सुधार गृहमा रहेका बालकहरुको विवरण **अनुसुचि -९** मा र बाल सुधार गृहमा रहेका बालकहरुको जिल्लागत विवरण **अनुसूचि -१०** मा प्रस्तुत गरिएको छ ।

**९.बालसुधार गृहका समस्याहरु**

- पर्याप्त र उपयुक्त जग्गा नभएको ।
- घरको संरचना साँघुरो भएको ।
- कर्मचारी अभाव रहेको ।
- स्वास्थ्यकर्मी दरबन्दी नभएको ।
- शिक्षक दरबन्दी नभएको ।
- मनोपरामर्शकर्ता दरबन्दी रिक्त रहेको ।
- बाल सुधार गृहमा परीक्षा दिँदा समयमा रिजल्ट नआउने र परीक्षामा उपस्थिती भए पनि गयल देखाउने भन्ने थुनुवा तथा कैदी बालकहरुको गुनासो रहेको छ ।
- सवारी साधन नभएकोले बालबालिकाको मुद्दाको सुनुवाईको मौकाबाट र आकस्मिक सेवावाट बञ्चित हुनु परेको ।
- बालसुधार गृहका लागि छुट्टै बालमैत्री व्यवहार सम्बन्धी जानकार सुरक्षाकर्मी नभएको ।
- समयमा मुद्दाको सुनुवाई नहुने र मुद्दामा एक देखी दुई वर्ष सम्ममा सुनुवाई नभई थुनामा बसेको पाईयो ।

**१०.सुझावहरु**

बालसुधार गृह डोटीको अनुगमन पश्चात अनुगमन टोलिका संयोजक मुख्य न्यायधिवक्ता ज्यूबाट महान्यायाधिवक्ताको कार्यालय र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा देहायका विषयमा सुझावहरु सहित प्रतिवेदन प्रस्तुत गरिएको थियो ।

- बाल सुधार गृहलाई पर्याप्त जग्गा भएको र उचित बसोबास हुन सक्ने गरी उपयुक्त बालमैत्री भवन भएको ठाउँमा वा अन्य उपयुक्त स्थानमा सार्नु पर्ने देखिन्छ ।
- बाल सुधार गृहमा क्षमता भन्दा बढि कैदि तथा थुनुवा राखिएकोले क्षमतामा सुधार गर्नु पर्ने देखिन्छ ।

- स्वास्थ्य सरसफाईका लागि पर्याप्त पानीको आवश्यकता पर्ने भएकोले सोको व्यवस्थाका लागि underground Tank निर्माण गरी प्रयाप्त पानी सञ्चयको व्यवस्था मिलाउनु पर्ने देखिन्छ ।
- बालमैत्री भवन बनाउन संरचनागत सुधार गर्नु पर्ने साथै आवश्यकता अनुसारको पर्याप्त मात्रमा सौचालयको संख्यामा वृद्दि गर्ने ।
- दरबन्दी अनुसारको कर्मचारी परिपुर्ति हुनु पर्ने । सामाजिक मनोपरामर्शकर्ताको दरबन्दी अनुसार पदपुर्ती हुनु पर्ने । स्वास्थ्य तथा शिक्षक दरबन्दी सृजना गरी पदपुर्ति गरिनु पर्ने ।
- कार्यालय व्यवस्थापनका लागि प्रशासकीय अधिकृतको पूर्णकालि कामकाजका लागि वा एकहोरो हुने गरी कार्यालयको जिम्मेवारी तोक्नु पर्ने । हाल बाल सुधार गृहको प्रशासकीय प्रमुखमा सानुमाया लिम्वुलाई (सहायक पाँचौं स्तर) को कर्मचारी तोकिएकोमा उहाँलाई नै नगरपालिकाको महिला तथा बालबालिका इकाईमा समेत कामकाज गर्ने गरी दोहोरो जिम्मेवारी तोकिएको पाईयो ।
- हाल बाल सुधार गृहमा पढ्ने उमेर समुहका बालकहरु रहेकोले बाल सुधार गृहमा पुस्ताकालय स्थापना गर्नु अति आवश्यक देखिन्छ ।
- अध्ययनरत विद्यार्थीहरुका लागि तत्कालका शिक्षक व्यवस्थापन गरी पढाईमा निन्तरता दिने वातावरण बनाउनु पर्ने । नजिकको सामुदायिक शिक्षकसंग समन्वय तथा सहकार्यमा विद्यार्थीहरुलाई उच्च शिक्षाका लागि आवश्यक परामर्शको व्यवस्था गर्नु पर्ने ।
- बाल सुधार गृह २०७५ भदौ ११ गते स्थापना भई तत्कालिन साविक महिला तथा बालबालिका कार्यालयको भवनलाई प्रयोगमा ल्याएको पाईयो । कार्यालय प्रयोजनका लागि बनेको भवन बालबालिका मैत्री नभएकोले, बालबालिकाका लागि खेल्ने ग्राउन्ड तथा अतिरिक्त क्रियाकलाप गर्नका लागि पर्याप्त ठाउँ भएको स्थानमा व्यवस्था गर्नु पर्ने । तत्काल जग्गा भाडामा लिएर भएपनि ग्राउन्डको व्यवस्था गर्नु पर्ने ।
- बाल सुधार गृहमा १२ वर्ष देखी २० वर्ष सम्मका बाल सुधार गृहमा राखेको पाईयो । १८ वर्ष मुनि र १८ वर्ष माथीका उमेरका कैदी तथा थुनुवालाई अलग अलग राख्ने व्यवस्था मिलाउनु पर्ने ।

- बाल सुधार गृहमा उपचारका लागि बाहिर जान तथा विभिन्न अदालतमा मुद्दाको सुनुवाई, पेशी, बयान र वकपत्र लगाएत अदालती प्रक्रियामा उपस्थित हुन कार्यालय प्रयोजनका लागि गाडी व्यवस्था हुनु पर्ने ।
- प्रत्येक थुनुवा तथा कैदमा रहेका बालकहरुको व्यक्तिगत प्रोफाइल निर्माण गरी प्रत्येक बालकहरुको व्यक्तिगत एकिकृत प्रोफाइल तयार गर्नु पर्ने ।
- परीक्षा दिने बालबालिकाको परीक्षाफल चुस्त दुरुस्त तरिकाले आउने प्रवन्ध सुनिश्चित गर्नु पर्ने ।
- थुनुवा बालकहरुलाई लामो समयसम्म मुद्दाको किनारा नलाग्दा बाल मनोविज्ञानमा असर पर्ने भएकोले बाल न्याय कार्यविधि अनुसार कानूनले तोकेको प्रथमिकता अनुसार बालबालिका मद्दाको किनार लगाउनका लागि सम्बन्धी सरोकारवालासँग समन्वय र सहकार्य गर्नु पर्ने ।

## परिच्छेद -४
## भ्रमण, गोष्ठी, तालिम र सेमिनारमा सहभागिता तथा थप जिम्मेवारी

### ११.भ्रमण, गोष्ठी, तालिम र सेमिनार

आ.व. २०७६।७७ मा यस कार्यालयको तर्फबाट मुख्य न्यायाधिवक्ता, उपन्यायाधिवक्ता र शाखा अधिकृतहरुले निम्न बमोजिमका बिभिन्न निकायबाट आयोजित कार्यक्रमहरुमा सहभागिता जनाएका थिए ।

### (क) महान्यायाधिवक्तासँगको दोश्रो राष्ट्रिय कार्यशाला

मिति २०७६।०८।०६ गते महान्यायाधिवक्ताको कार्यालयको आयोजनामा **"मुख्य न्यायाधिवक्ताको काम कारवाही एव महान्यायाधिवक्तासँगको अन्तरसम्बन्ध"** बिषयमा १ दिने राष्ट्रिय कार्यशाला गोष्ठी काठमाण्डौमा भएको थियो । उक्त कार्यक्रम माननीय महान्यायाधिवक्ता अग्नि प्रसाद खरेल ज्यूको अध्यक्षतामा आयोजना गरिएको थियो । यस कार्यक्रममा नायव महान्यायाधिवक्ता तथा गण्डकी प्रदेशका माननीय मुख्य न्यायाधिवक्ताज्यूबाट कार्यपत्र प्रस्तुत गरिएको थियो । उक्त कार्यक्रमबाट महान्यायाधिवक्ताको कार्यालय र मुख्य न्यायाधिवक्ताको

कार्यालयहरु बिचको अन्तर-सम्बन्ध र सहकार्यका विभिन्न पाटोहरुमा छलफल भएको थियो । उक्त कार्यशालामा यस प्रदेशका माननीय मुख्य न्यायाधिवक्ता श्री कुलानन्द उपाध्याय ज्यू र उपन्यायाधिवक्ता श्री फटिकराज मुडभरीले सहभागिता जनाउनु भएको थियो ।

**(ख) अनुभव आदान प्रदान र संगठन तथा व्यवस्थापन सम्बन्धी छलफल कार्यक्रम**

मुख्य न्यायाधिवक्ताको कार्यालय प्रदेश नं.२ द्धारा मिति २०७६।११। २४ र २५ गते बारा जिल्लाको निजगढमा आयोजित मुख्य न्यायाधिवक्ताहरुको अनुभव आदान प्रदान सम्बन्धी भेला तथा संगठन तथा व्यवस्थापन सम्बन्धि दुई दिने छलफलमा यस कार्यालयका माननीय मुख्य न्यायाधिवक्ता श्री कुलानन्द उपाध्याय र शाखा अधिकृत श्री सुरबहादुर परियारको सहभागिता रहेको थियो ।

**(ग) नेपाल बार एशोसियशनको प्रदेशस्तरीय अन्तरक्रिया कार्यक्रम**

नेपाल बार एशोसियशनद्धारा मिति २०७६।११।१५ गते आयोजित प्रदेश स्तरीय अन्तरक्रिया कार्यक्रममा यस कार्यालयका माननीय मुख्य न्यायाधिवक्ता श्री कुलानन्द उपाध्याय ज्यूले अथितिको रुपमा सहभागिता जनाउनु भएको थियो ।

**(घ) अनुसन्धानकर्ता प्रहरी तथा अभियोजनकर्ता सरकारी वकीलहरुको दोश्रो राष्ट्रिय सम्मेलन**

मिति २०७६।९।६, ७ र ८ गते महान्यायाधिवक्ताको कार्यालयबाट काठमाडौमा आयोजना गरेको ३ दिने कार्यक्रममा अनुसन्धानकर्ता तथा अभियोजनकर्ताहरुको **दोश्रो राष्ट्रिय सम्मेलनमा** यस कार्यालयका उपन्यायाधिवक्ता श्री फटिकराज मुडभरीले सहभागिता जनाउनु भएको थियो ।

**(ङ) अन्तर प्रदेश अनुभव आदान प्रदान कार्यक्रम**

यस प्रदेशका माननीय मुख्य न्यायाधिवक्ता श्री कुलानन्द उपाध्यायज्यूको नेतृत्वमा यस कार्यालयका उपन्यायाधिवक्ता तथा अन्य कर्मचारीहरु मिति २०७६।०८।०६-१५ सम्म प्रदेश नं.१, प्रदेश नं.२ र वाग्मती प्रदेश स्थित मुख्य न्यायाधिवक्ताको कार्यालयहरुमा असल व्यवहार तथा कार्य सम्पादनको क्रममा आईपर्ने कानूनी एवं व्यवहारिक कठिनाईहरुको सम्बन्धमा अनुभव साटासाट गरियो । यसका साथै यस भ्रमणबाट ती कार्यालयहरुको भौतिक संरचना, जनशक्तिको अवस्था, कार्य बोझको अवस्था, तत् तत् प्रदेशका सरकारी निकायहरु विरुद्ध दायर रिटहरुको विवरण र कानून निर्माण तथा कार्यान्वयनको अवस्थाका सम्बन्धमा साक्षात्कार हुने अवसर प्राप्त भएको थियो ।

**(च) कार्यालयको अन्य कर्मचारीहरुको सहभागिता**

महान्यायाधिवक्ताको कार्यालयद्धारा काठमाडौंमा मिति २०७६।११।२८-३० सम्म आयोजित कार्यक्रममा यस कार्यालयका तर्फबाट शाखा अधिकृत श्री सुरबहादुर परियारले

सहभागिता जनाउनु भएको थियो । साथै महान्यायधिवक्ताको कार्यालयबाट आयोजित सेवाकानून सम्बन्धि विशिष्ट्रिकरण प्रशिक्षण कार्यक्रममा यस कार्यालयका शाखा अधिकृत श्री सुर बहादुर परियारले मिति २०७७।२।२५ देखि २०७७।३।१० सम्म सहभागिता जनाउनु भएको थियो ।

**१२.थप जिम्मेवारी**

सुदुर पश्चिम प्रदेश सरकारको निर्णानुसार प्रदेशमा नयाँ कानून निर्माण गर्न, मन्त्रालयबाट तयार भएका मस्यौदामा सुझाव दिन कानून निर्माणको प्राथमिकता निर्धारण गर्न गठीत कानून तर्जुमा तथा सुझाव समितिको संयोजकको रुपमा माननीय मुख्य न्यायाधिवक्तालाई थप जिम्मेवारी तोकी कार्य सम्पादन हुदै आएको छ ।

नेपालको संविधानको धारा ५७ तथा अनुसूची ६ र ७ मा उल्लेखित अधिकार सूचीका विषयमा प्राथमिकता छनौट गरी कानून पहिचान गर्न संशोधन गर्न र प्राथमिकताको आधारमा कानुनको मस्यौदा गरी सम्वन्धीत मन्त्रालयमा पठाउने गरि कानून तर्जुमा तथा सुझाव समिति गठन गरिएको छ ।

## परिच्छेद – ५
## उपलब्धी, समस्या र सुझाव

**१३. उपलब्धी**

१. कोभिड — १९ को माहामारी फैलिएको विषम परिस्थितिमा पनि प्रदेश सरकार र मातहतका निकायहरुका विरुद्ध सर्वोच्च अदालत, उच्च अदालत दिपायल र उच्च अदालत दिपालय, महेन्द्रनगर ईजलाशमा दायर भएका रिट निवेदनमा प्रदेश सरकारको तर्फबाट प्रतिनिधित्व गरी बहस पैरवी तथा प्रतिरक्षा गर्ने कार्य भएको छ ।

२. कार्यालयबाट सम्पादन गर्नुपर्ने कार्यलाई थप व्यवस्थित बनाउन बहस पैरवी तथा प्रतिरक्षा सम्बन्धी निर्देशिका-२०७६, कानूनी राय सम्बन्धी निर्देशिका-२०७६, कानून व्यवसायीको सेवा प्राप्त गर्ने सम्बन्धी निर्देशिका-२०७६ र हिरासत तथा थुनुवा कक्ष अनुगमन निर्देशका-२०७६ तयार गरी कार्यान्वयनमा ल्याईएको छ ।साथै मुख्य न्यायाधिवक्ताको कार्यालयको आचारसहिंताको प्रारम्भिक मस्यौदा तयार गरी स्वीकृतिका लागि प्रदेश सरकार समक्ष पेश गरिएको छ ।

३. हिरासत तथा थुनुवा कक्षमा रहेका बन्दीहरु उपर मानवोचित व्यवहार भए नभएको अनुगमन गर्ने जिम्मेवारी अनुसार माननीय मुख्य न्यायाधिवक्ता ज्यूको टोलीले यस प्रदेशको डोटी जिल्लामा रहेको बाल सुधार गृहको अनुगमन गरी सुधारका लागि निर्देशन दिनुका साथै त्यहाँ रहेका विद्यमान समस्याहरु समाधानका लागि सुझाव सहितको विस्तृत प्रतिवेदन तयार गरी मुख्यमन्त्री तथा महान्यायाधिवक्ताज्यू समक्ष पेश गरेको छ ।

४. नेपालको संविधानमा व्यवस्था भए बमोजिम सातवटै प्रदेशमा रहेका मुख्य न्यायाधिवक्ताको कार्यालयको कार्य प्रकृति एकै किसिमको भएतापनि फरक-फरक कार्य वातावरणमा काम गर्दा अनुभव हुने सिकाई, भोगाई भिन्न हुनु स्वाभाविक हुन जान्छ । त्यसैले मुख्य न्यायाधिवक्ताज्यूको नेतृत्वमा छ सदस्यीय टोलीले मिति २०७६।०८।०६ गते देखि २०७६।०८।१५ गते सम्म प्रदेश नं.१, प्रदेश नं.२ र वाग्मती प्रदेश स्थित मुख्य न्यायाधिवक्ताको कार्यालयमा असल अभ्यास आदान प्रदान गर्ने कार्य सम्पन्न गरेको छ ।

५. स्थानीय तहमा कानून निर्माण प्रकृयामा आवश्यक सैद्धान्तिक तथा व्यवहारिक पक्षमा सहजीकरण गर्न मुख्य न्यायाधिवक्ता तथा न्यायाधिवक्ताहरुद्धारा लिखित पुस्तक **“स्थानीय तहको कानून निर्माण तथा न्याय सम्पादन सम्बन्धी स्रोत सामाग्री”** प्रकाशन गरी यस प्रदेशका सबै स्थानीय तहमा पठाउने कार्य भएको छ ।

६. कार्यालयबाट आयोजना गरिएको **“कानूनी राय तथा लिखित जवाफ”** सम्बन्धी प्रशिक्षण कार्यक्रमले प्रदेश सरकार अन्तर्गतका मन्त्रालय, विभाग र कार्यालयबाट अदालत समक्ष पेश गर्नु लिखित जवाफको ढाँचा तथा आसयमा क्रमश: एकरुपता कायम हुँदै गएको छ।

७. स्थानीय तहका पदाधिकारीहरुले मुख्य न्यायाधिवक्तासँग संवैधानिक तथा कानूनी विषयमा राय माग गर्ने कानूनी तथा संवैधानिक व्यवस्था नभएतापनि स्थानीय निकायका पदाधिकारीहरुलाई अनौपचारिक रुपमा राय सल्लाह दिने कार्य भएकोले प्रदेश र स्थानीय तह बीच आपसी समन्वय र सहकार्य स्थापित हुँदै आएको छ ।

## १४.समस्या

१. कोभिड- १९ को महामारीका कारण कार्यालयसँग प्रत्यक्ष सरोकार भएका प्रदेश सरकार अन्तर्गतका निकायहरुलाई बार्षिक विकास कार्यक्रममा उल्लेखित रिट निवेदन, लिखित जवाफ र कानूनी राय सम्बन्धी अन्तर्क्रियात्मक कार्यक्रमहरु संचालन गर्न सकिएको छैन ।

२. प्रदेश सरकारको मातहत कुनै पनि हिरासत तथा थुनुवा कक्ष नभएकोले थुनामा रहेका बन्दी तथा बालबालिकाहरु प्रति मानवोचित व्यवहार भए नभएको सम्बन्धमा मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाको शर्त सम्बनधी ऐन — २०७४ बमोजिम अनुगमन गरी निर्देशन दिन सक्ने अधिकारको प्रयोग र पालना गर्न संवैधानिक तथा कानूनी जटिलता देखिएको छ ।

३. कार्यालयको नाममा कैलाली जिल्लामा घर जग्गा नभएको हुँदा स्वीकृत दरबन्दी अनुसारका कर्मचारीहरुका लागि सहज वातावरणमा कार्य गर्न र जिन्सी मालसामानहरुको उचित व्यवस्थापन गर्न कार्यालय भवनको अभाव रहेको छ ।

४. सरकारी वकील कार्यालयहरुको तुलनामा यस कार्यालयमा सेवा सुविधा तथा अध्ययन भ्रमणका अवसर न्यून हुने भएकोले न्यायाधिवक्ताहरु छोटो-छोटो अवधिमा नै सरुवा भै जाने हुँदा कार्य वातावरण प्रभावित हुने गरेको छ ।

५. प्रदेश सरकार अन्तर्गतका निकायबाट कानुनी राय माग गर्दा राय माग गरिएको विषय स्पष्ट रुपमा खुलाई नपठाएको र सो विषयमा आफ्नो दृष्टिकोण समेत खुलाई पत्र सम्प्रेषण गरेको नदेखिने गरेकोले साथै उक्त विषयसँग सम्बन्धित सक्कल फाईल समेत प्राप्त नहुँदा मुख्य न्यायाधिवक्ताबाट राय प्रदान गर्न कठिनाई हुने गरेको छ ।

६. उच्च अदालतको मुकाम प्रदेश राजधानीमा रहने कानूनी व्यवस्था भएतापनि यस प्रदेशको स्थायी राजधानी कैलाली जिल्लाको गोदावरी र अस्थायी धनगढी तोकीएकोमा हालसम्म पनि उच्च अदालतको मुकाम दिपालय नै रहेको र ईजलाश महेन्द्रनगरमा रहेको हुँदा मुद्दामा बहस पैरवी तथा प्रतिक्षा गर्ने र अदातलसँग समन्वय र सहकार्य गर्न कठिन भएको छ ।

७. प्रदेश सरकारले बनाएका विभिन्न कानूनमा विभिन्न किसिमका कसुरमा दण्ड जरिवानाको व्यवस्था गरेको छ । ती कानूनमा उल्लेखित कसुरहरुको अनुसन्धान गर्ने निकाय, मुद्दा निर्णय गर्ने

अधिकारी र मुद्दा हेर्ने अधिकारी सम्बन्धी व्यवस्था स्पष्ट नगरिएको कारण अन्यौलताको अवस्था विद्यामान रहेको छ ।

८. संविधानको अनुसूची-६ मा उल्लेखित प्रदेशको एकल अधिकार क्षेत्र भित्र रहेका प्रदेश सरकारद्धारा बनाईएका कानूनहरु कार्यान्वयनका क्रममा देखापरेका समस्याहरु तथा कार्य क्षेत्र भित्रका अन्य विषयहरुमा तत्काल कानून बनाउन पर्ने सम्बन्धमा अध्ययन, अन्वेषण तथा अनुसन्धान गर्नका लागि प्रयाप्त स्रोत साधन तथा जनशक्तिको अभाव रहेको छ ।

९. मुख्य न्यायाधिवक्ताले विषयको गार्भियताको आधारमा अदातलमा विचाराधिन रहेको मुद्दामा प्रदेश सरकारको तर्फबाट विज्ञको रुपमा मनोनयन गर्ने कानून व्यवसायीले प्रदेश सरकारका तर्फबाट बहस पैरवी वा प्रतिरक्षा गर्दा  प्रदान गर्नु पर्ने पारिश्रमिकको मापदण्ड प्रदेश सरकारबाट निर्धारण भई नसकेकाले विषय विज्ञ कानून व्यवसायीको सेवा प्राप्त गर्न कठिनाई भएको छ ।

१०. नागरिक अधिकारको रक्षा तथा प्रभावकारी प्रतिरक्षार्थ यस कार्यालयले आवश्यकता महसुस गरेका अपराधको अनुसन्धान तथा सहजीकरण, कानूनी राय सम्बन्धी, लिखित जवाफ सम्बन्धी, वन मुद्दाको अनुसन्धान तथा दायरी सम्बन्धी, प्रादेशिक करसँग सम्बन्धित कसुर, अदालतको आदेश वा फैसला कार्यान्वयन सम्बन्धी कार्यक्रमहरु मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट प्राप्त हुने न्यून बजेट सिलिङ्का कारण बार्षिक विकास कार्यक्रममा समावेश गर्न सकेको छैन ।

**१५.सुझावहरु**

१. कार्यालयको कार्यसँग प्रत्यक्ष सरोकार राख्ने विषयहरु रिट निवेदन र कानूनी राय सम्बन्धी, लिखित जवाफमा एकरुपता सम्बन्धी, प्रदेश सरकारबाट जारी भएका कानूनको असर र प्रभाव सम्बन्धी अनुसन्धान र अध्ययन समेतका कार्य सञ्चालन गर्न मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट तोकिने गरेको बर्षिक तथा त्रिवार्षिक बजेट प्रक्षेपण (सिलिङ्ग) को कारण यी महत्वपूर्ण कार्यहरु सुचारु गर्न नसकेको हुँदा प्रयाप्त मात्रामा वार्षिक बजेट (सिलिङ्ग) को व्यवस्था हुनु पर्ने देखिन्छ ।

२. मुख्य न्यायाधिवक्ताबाट विषयको गार्भियताका आधारमा प्रदेश सरकारको तर्फबाट विज्ञको रुपमा बहस पैरवी तथा प्रतिरक्षा गर्ने कानून व्यवसायीलाई प्रदान गर्नु पर्ने पारिश्रमिक सम्बन्धी निर्देशिका, मापदण्ड तथा कार्यविधि तर्जुमा नभएको हुँदा अविलम्ब प्रदेश सरकारले विज्ञ वा विशेषज्ञलाई दिनु पर्ने पारिश्रमिक सम्बन्धी निर्देशिका, कार्यविधि वा मापदण्ड जारी गर्नु पर्ने देखिन्छ ।

३. कार्यालयको परिसर भित्र मालपोत कार्यालयको अधिनमा रहेका कोठाहरुलाई यस कार्यालयले प्रयोग गर्न पाउने गरी आदेश वा निर्देशन भएमा वा नयाँ भवनको व्यवस्था भएमा कार्यालयको जिन्सी व्यवस्थापनमा सघाउ पुग्ने देखिन्छ ।

४. संविधानको अनुसूची-७ मा उल्लेखित हिरासत तथा कारागार व्यवस्थापन सम्बन्धी विषयमा प्रदेश सरकारले संघीय सरकारकसँग समन्वय गरी प्रादेशिक कानून बनाई लागू गर्नु पर्ने देखिन्छ ।

५. प्रदेश सरकारले यस कार्यालयका न्यायाधिवक्ताहरुलाई कार्य प्रति उत्प्रेरित गराई सहज कार्य वातावरण बनाउन कार्य सम्पादनमा आधारित प्रोत्साहन भत्ता तथा अन्य मौद्रिक  र गैर मौद्रिक सुविधाको व्यवस्था गर्नु पर्ने देखिन्छ ।

६. उच्च अदालतको मुकाम दिपालय, डोटीमा रहेको र सोही अदालतको ईजलाश कञ्चनपुर जिल्लाको महेन्द्रनगरमा रहेको हुँदा प्रदेश राजधानी तोकीएको स्थानमा उच्च अदालतको मुकाम कार्यलय सार्न आवश्यक पहल गर्नु पर्ने देखिन्छ ।

७. प्रदेश सरकारले बनाएका विभिन्न कानूनमा उल्लेखित दण्ड जरिवानाको व्यवस्था गरेकोमा ती कानूनहरुमा अनुसन्धान गर्ने निकाय, मुद्दा निर्णय गर्ने अधिकारी र मुद्दा हेर्ने अधिकारी सम्बन्धी स्पष्ट व्यवस्था नभएकोले प्रदेश सरकारबाट त्यस्ता कानूनहरुको पुनरावलोकन गरी तत्कालै नियमावली, कार्यविधि तयार गरी व्यक्ति र निकाय तोक्नु पर्ने देखिन्छ ।

## अनुसूची -१

## श्री मुख्य न्यायाधिवक्ताको कार्यालय
## सुदूरपश्चिम प्रदेश धनगढी
## संगठनात्मक ढाँचा



# अनुसूची -२

## मुख्य न्यायाधिवक्ताको कार्यालय, सुदूरपश्चिम प्रदेश धनगढी ,कैलालीको प्रस्तावित दरवन्दी सांगठनिक संरचना



## प्रस्तावित दरवन्दी तेरिज

### श्री मुख्य न्यायाधिवक्ताको कार्यालय, सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली

| क्र.स | पद | श्रेणी/तह | सेवा | समूह | मौजुदा दरबन्दी | पद पूर्तिको अवस्था | | परिवर्तन | | प्रस्तावित दरबन्दी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | पूर्ति | रिक्त | थप | घट | |
| १. | सह-न्यायाधिवक्ता | रा.प.प्रथम | न्याय | सरकारी वकील | - | - | - | १ | - | १ |
| २ | उपन्यायाधिवक्ता | रा.प.द्धितीय | न्याय | सरकारी वकील | १ | १ | - | १ | - | २ |
| ३ | शाखा अधिकृत | रा.प.तृतीय | न्याय | सरकारी वकील | ३ | १ | २ | २ | - | ५ |
| ४ | अधिकृत | अधिकृत छैठौं | प्रशासन | लेखा | १ | १ | - | - | - | १ |
| ५ | अधिकृत | अधिकृत छैठौं | प्रशासन | सामन्य प्रशासन | १ | १ | - | - | - | १ |
| ६ | नायव सुब्बा | रा.प.अनं. प्रथम | न्याय | सरकारी वकील | - | - | - | ३ | - | ३ |
| ७ | सहायक | सहायक पाँचौं | प्रशासन | सामान्य प्रशासन | १ | १ | - | १ | - | २ |
| ८ | कम्प्युटर अपरेटर | रा.प.अनं. प्रथम | विविध | विविध | १ | १ | - | १ | - | २ |
| ९ | हलुका सवारी चालक | श्रेणी विहिन | इन्जिनियरङ | मे.मे.ज/. | १ | १ | - | ३ | - | ४ |
| १० | कार्यालय सहयोगी | श्रेणी विहिन | प्रशासन | सामान्य प्रशासन | २ | २ | - | ६ | - | ८ |
| जम्मा | | | | | ११ | ९ | २ | १८ | | २९ |

## अनुसूची -३

### अन्तर्क्रिया तथा प्रशिक्षण कार्यक्रम

| क्र. स. | कार्यक्रमको नाम | मिति | जिल्ला | सहभागी सख्या | कैफियत |
|---|---|---|---|---|---|
| १. | कानूनी राय तथा लिखित जवाफ सम्बन्धी प्रशिक्षण कार्यक्रम | २०७६।११।१५ गते | कैलाली | २५जना | प्रदेश सरकार अन्तर्गतका मन्त्रालय तथा कार्यालयहरुका कानून तथा प्रशासन हेर्ने अधिकृतस्तरका कर्मचारीहरु |

## अनुसूची- ४

## मुद्दाको विवरण, लगत तथा फर्छ्यौट

| क्र. सं | मुद्दा नं. | मुद्दा | निवेदक | विपक्षी | अदालत | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | ०७५-wo-९३९३ | उत्प्रेषण/परमादेश | देवी कुमारी जोशी | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत | सर्वोच्च अदालत | चालु |
| २ | ०७५-wo-००१८ | उत्प्रेषण/परमादेश | यम बहादुर लामिछाने मगर समेत | डीभिजन वन कार्यालय कैलाली | उच्च अदालत दिपायल | फैसला/खारेज |
| ३ | ०७५-wo-०९३९ | उत्प्रेषण/परमादेश | चन्द्र साउँद समेत | सामाजिक विकाश मन्त्रालय सु.प. प्रदेश | सर्वोच्च अदालत | चालु |
| ४ | ०७५-wo-००३० | उत्प्रेषण | मनिष कुमार श्रेष्ठ समेत | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत | सर्वोच्च अदालत | चालु |
| ५ | ०७४-wo-०८४७ | उत्प्रेषण/परमादेश | अच्युत प्रसाद खरेल | सभामुख अर्जुन बहादुर थापा समेत | सर्वोच्च अदालत | चालु |
| ६ | ०७५-wo-००३१ | उत्प्रेषण/परमादेश | दिपेन्द्र बहादुर चन्द्र समेत | डीभिजन वन कार्यालय बैतडी समेत | उच्च अदालत महेन्द्रनगर इजलास | फैसला/ खारेज |
| ७ | ०७५-wo-१२१८ | उत्प्रेषण/परमादेश | बिज्ञान कुमार अर्याल | सामाजिक विकाश मन्त्रालय सु.प.प्रदेश | सर्वोच्च अदालत | चालु |
| ८ | ०७५-wo-००४६ | उत्प्रेषण/परमादेश | निराजन थापा समेत | यातायात व्यवस्था कार्यालय कञ्चनपुर | उच्च अदालत महेन्द्रनगर इजलास | फैसला/ खारेज |
| ९ | ०७५-wo००२८ | उत्प्रेषण/परमादेश | दिलिप कुमार यादव समेत | उद्योग,पर्यटन,वन,वातावरण मन्त्रालय समेत | उच्च अदालत दिपायल | फैसला/खारेज |
| १० | ०७५-wo-१२६९ | उत्प्रेषण/परमादेश | शैलेन्द्र कुमार हरिजन समेत | आन्तरिक मामिला तथा कानून मन्त्रालय | सर्वोच्च अदालत | चालु |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ११ | ०७५-wo-००४३ | उत्प्रेषण/परमादेश | तिलक बहादुर चन्द्र समेत | प्रदेश सरकार मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | उच्च अदालत महेन्द्रनगर इजलास | आदेश जारी /फैसला |
| १२ | ०७५-wo-१३७२ | उत्प्रेषण/प्रतिषेध/परमादेश | विष्णु प्रसाद तिमिल्सिना | प्रदेश सरकार मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सर्वोच्च अदालत | चालु |
| १३ | ०७५-wo-१३४९ | उत्प्रेषण /परमादेश | पुष्पराज प्याकुरेल समेत | उद्दोग,पर्यटन,वन,वातावरण मन्त्रालय समेत | सर्वोच्च अदालत | चालु |
| १४ | ०७६-wo-००४५ | उत्प्रेषण /परमादेश | अष्ट बहादुर श्रेष्ठ समेत | मुख्य मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सु.प. प्रदेश | सर्वोच्च अदालत | चालु |
| १५ | ०७६-wo-०००५ | उत्प्रेषण /परमादेश | पदम बहादुर माझी | श्री पञ्चदेवल विनायक नगर कार्यापालिकाको कार्यालय विनायक अछाम | उच्च अदालत दिपायल | फैसला/ रिट जारी |
| १६ | ०७६-wc-०००२ | उत्प्रेषण /परमादेश | अर्जुन बहादुर थापा समेत | लेकेन्द्र बहादुर ओली | सर्वोच्च अदालत | फैसला /रिट जारी |
| १७ | ०७६-wo-०१७१ | उत्प्रेषणयुक्त /परमादेश | बिजय कुमार भट्टराई समेत | मुख्य मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सु.प. प्रदेश | सर्वोच्च अदालत | चालु |
| १८ | ०७६-wo-०२६० | उत्प्रेषणयुक्त /परमादेश | दिपक पौडेल समेत | मुख्य मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सु.प. प्रदेश | सर्वोच्च अदालत | चालु |
| १९ | ०७६-wo-०००७ | निषेधाज्ञा | ललिता देवी जोशी | दिपक नेगी सहित | उच्च अदालत दिपायल | चालु |
| २० | ०७६-wo-०४७६ | उत्पेषण /परमादेश | निराञ्जन बहादुर अमात्य समेत | पूर्वाधार विकाश कार्यालय सु.प.प्रदेश | सर्वोच्च अदालत | चालु |
| २१ | ०७६-wo-०५२८ | उत्प्रेषणयुक्त /परमादेश | माधव प्रसाद तिवारी | सामाजिक विकाश मन्त्रालय सु.प. प्रदेश | सर्वोच्च अदालत | चालु |
| २२ | ०७६-wo-०००९ | उत्पेषण /परमादेश/ निषेधाज्ञा | लोक बहादुर रावल | सामाजिक विकाश मन्त्रालय सु.प. प्रदेश | उच्च अदालत दिपायल | फैसला/खारेज |
| २३ | ०७६-wo-०००८ | उत्पेषण /परमादेश | टंक बहादुर कुवर | सामाजिक विकाश मन्त्रालय सु.प. प्रदेश | उच्च अदालत दिपायल | फैसला/खारेज |
| २४ | ०७६-wo००१९ | उत्प्रेषणयुक्त /परमादेश | घनश्याम भट्ट | उद्दोग,पर्यटन,वन,वातावरण मन्त्रालय समेत | उच्च अदालत महेन्द्रनगर | चालु |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २५ | ०७६-wo-००२१ | उत्प्रेषणयुक्त /परमादेश | भाष्करदत्त भट्ट | पूर्वाधार विकाश कार्यालय डडेल्धुरा | उच्च अदालत महेन्द्रनगर | चालु |
| २६ | ०७६-wo-००२२ | परमादेश | जनकराज जोशी | डीभिजन वा कार्यालय कञ्चनपुर समेत | उच्च अदालत महेन्द्रनगर | चालु |
| २७ | ०७६-wo-०७६६ | परमादेश समेत | दिपेन्द्र बहादुर चन्द्र | न्याय परिषद् काठमाण्डौ समेत | सर्वोच्च अदालत | चालु |
| २८ | ०७६-wo-००१२ | उत्प्रेषण/परमादेश | हरिलाल भट्ट समेत | डीभिजन वा कार्यालय कैलाली समेत | उच्च अदालत दिपायल | चालु |
| २९ | ०७६-wo-०९३५ | उत्प्रेषण | मिना खड्का,बस्नेत समेत | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सर्वोच्च अदालत | चालु |

# मुद्दाको विवरण

| अदालत | मुद्दा लगत | फर्छ्यौट | | जम्मा | बाँकी | कैफियत |
|---|---|---|---|---|---|---|
| | | रिट जारी | रिट खारेज | | | |
| श्री सर्वोच्च अदालत | १६ | १ | ० | १ | १५ | |
| श्री उच्च अदालत दियायल | ७ | १ | ४ | ५ | २ | |
| श्री उच्च अदालत दियायल,महेन्द्रनगर ईजलास | ६ | १ | २ | ३ | ३ | |
| **जम्मा** | २९ | ३ | ६ | ९ | २० | |

अनुसूची -५

<u>बहस, पैरवी  र प्रतिरक्षा</u>

| क्र.स. | बहसमा खटिएका | श्री सर्वोच्च अदालत | श्री उच्च अदालत, दिपायल | श्री उच्च अदालत दिपायल, महेन्द्रनगर ईजलाश | जम्मा |
|---|---|---|---|---|---|
| १ | माननीय मुख्य न्यायाधिवक्ता श्री कुलानन्द उपाध्याय | २३ | ३ | २ | २८ |
| २ | उपन्यायाधिवक्ता श्री फटिकराज मुडभरी | २ | १५ | ८ | २५ |
| ३ | शाखा अधिकृत श्री कविराज शर्मा पाध्या | ० | २ | ३ | ५ |
| ४ | शाखा अधिकृत श्री सुरबहादुर परियार | २ | १५ | ८ | २५ |
| ५ | बरिष्ठ अधिवक्ता श्री विजयकान्त मैनाली | २ | ० | ० | २ |

| | | | | | |
|---|---|---|---|---|---|
| ६ | अधिवक्ता श्री कृष्ण पोखेल | १३ | ० | ० | १३ |
| ६ | अधिवक्ता श्री दिनमणी पोखेल | ५ | ० | ० | ५ |
| ७ | अधिवक्ता श्री गोविन्द प्रसाद शर्मा बन्दी | २ | ० | ० | २ |
| **जम्मा** | | ४९ | ३५ | २१ | १०५ |

## अनुसूची -६

आ.व. २०७६/०७७ जिन्सी मौज्दातको वार्षिक विवरण

| क्र.सं. | जिन्सी नं. | जिन्सी वर्गीकरण संकेत नं. | जिन्सी सामानको नाम | मौज्दात बाँकी | | | | जिन्सी सामानको भौतिक अवस्था |
|---|---|---|---|---|---|---|---|---|
| | | | | ईकाइ | परिमाण | दर | जम्मा मुल्य रु. | |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ |
| १ | १ | | साईनबोर्ड | गोटा | १ | २,५००/- | २५००.०० | चालु अवस्थामा रहेको |
| २ | २ | | नेम प्लेट | गोटा | १ | ९००/- | ९००.०० | चालु अवस्थामा रहेको |
| ३ | ३ | | स्टिल दराज | गोटा | ७ | विभिन्न् | १०४५००.०० | १ गोटा मर्मत गर्नु पर्ने |
| ४ | ४ | | हाफ मारुती चियर | गोटा | १ | ७५२५ | ७,५२५.०० | चालु अवस्थामा रहेको |
| ५ | ५ | | मारुती चियर | गोटा | ३ | विभिन्न् | ५५३५०.०० | १ गोटा मर्मत गर्नु पर्ने |
| ६ | ६ | | रिवल्भिङ चियर | गोटा | ७ | विभिन्न् | १५०३५०.०० | ३ गोटा मर्मत गर्नु पर्ने |
| ७ | ७ | | वटन वर्जि सोफा | सेट | ११ | विभिन्न् | ३४३८००.०० | चालु अवस्थामा रहेको |
| ८ | ८ | | बुक सेल | गोटा | ५ | विभिन्न् | ८१०००.०० | चालु अवस्थामा रहेको |
| ९ | ९ | | चियर | गोटा | ३ | विभिन्न् | ६२५००.०० | चालु अवस्थामा रहेको |
| १० | १० | | अफिस टेबल | गोटा | ९ | विभिन्न् | २६०६००.०० | चालु अवस्थामा रहेको |
| ११ | ११ | | साईकल | गोटा | ४ | विभिन्न् | ३१५१०.०० | चालु अवस्थामा रहेको |
| १२ | १२ | | मोटरसाईकल | गोटा | २ | विभिन्न् | ३६९९११.४९ | चालु अवस्थामा रहेको |
| १३ | १३ | | हेलमेट | गोटा | २ | १४५०/- | २९००.०० | चालु अवस्थामा रहेको |
| १४ | १४ | | कम्प्यूटर टेबल | गोटा | ४ | विभिन्न् | ३५४००.०० | १ गोटा मर्मत गर्नु |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | पर्ने |
| १५ | १५ | | ल्यापटप | गोटा | ६ | विभिन्न् | ४००९४७.९ | चालु अवस्थामा रहेको |
| १६ | १६ | | डेस्कटप कम्प्यूटर | गोटा | ५ | विभिन्न् | २८४०००.०० | चालु अवस्थामा रहेको |
| १७ | १७ | | प्रिन्टर | गोटा | ७ | विभिन्न् | १३६०००.०० | चालु अवस्थामा रहेको |
| १८ | १८ | | ईन्भटर ब्याट्री | गोटा | ५ | विभिन्न् | १४३५९५.८ | चालु अवस्थामा रहेको |
| १९ | १९ | | ईन्भटर | गोटा | ३ | विभिन्न् | ४९१००.०० | चालु अवस्थामा रहेको |
| २० | २० | | मेट्रेस | गोटा | २ | विभिन्न् | २२०००.०० | चालु अवस्थामा रहेको |
| २१ | २१ | | पलङ | गोटा | २ | विभिन्न् | ३५०००.०० | चालु अवस्थामा रहेको |
| २२ | २२ | | हेङ्गर | गोटा | १ | २५००/- | २५००.०० | चालु अवस्थामा रहेको |
| २३ | २३ | | टि-टेबल | गोटा | १० | विभिन्न् | ४६७००.०० | चालु अवस्थामा रहेको |
| २४ | २४ | | ग्याँस सेट | गोटा | २ | विभिन्न् | १२६६५.०० | चालु अवस्थामा रहेको |
| २५ | २५ | | प्रेसर कुकर | गोटा | १ | १,५२५/- | १५२५.०० | चालु अवस्थामा रहेको |
| २६ | २६ | | हटकेस | गोटा | १ | ९७८/- | ९७८.०० | चालु अवस्थामा रहेको |
| २७ | २७ | | तावा | गोटा | १ | ६३३/- | ६३३.०० | चालु अवस्थामा रहेको |
| २८ | २८ | | परात | गोटा | १ | २,८६६/- | २८६६.०० | चालु अवस्थामा रहेको |
| २९ | २९ | | कराई | गोटा | २ | विभिन्न् | १३१८.०० | चालु अवस्थामा रहेको |
| ३० | ३० | | सस्पेन्स | गोटा | १ | ५८९/- | ५८९.०० | चालु अवस्थामा रहेको |
| ३१ | ३१ | | काठको स्टूल | गोटा | १ | ३,०००/- | ३०००.०० | चालु अवस्थामा रहेको |
| ३२ | ३२ | | मोबाईल सेट | गोटा | ३ | विभिन्न् | ६२८००.८७ | २ गोटा मर्मत गर्नु पर्ने |
| ३३ | ३३ | | पंखा | गोटा | ४ | विभिन्न् | १५०००.०० | चालु अवस्थामा रहेको |
| ३४ | ३४ | | विभिन्न पुस्तकहरु | गोटा | १६८ | विभिन्न् | १११४६९.०० | चालु अवस्थामा रहेको |
| ३५ | ३५ | | फिल्टर | गोटा | १ | २५,०००/- | २५०००.०० | चालु अवस्थामा रहेको |
| ३६ | ३६ | | चारपाङ्ग्रे गाडी | गोटा | २ | विभिन्न् | ११४८१२०१.०० | चालु अवस्थामा रहेको |
| ३७ | ३७ | | कुलर | गोटा | २ | विभिन्न् | २७९९९.८७ | १ गोटा मर्मत गर्नु पर्ने |
| ३८ | ३८ | | वाटर पम्प | गोटा | २ | विभिन्न् | २०३४०.०० | १ गोटा मर्मत गर्नु पर्ने |
| ३९ | ३९ | | बाटा स्टील | गोटा | १ | ४३०/- | ४३०.०० | चालु अवस्थामा रहेको |
| ४० | ४० | | ए.सी. | गोटा | ४ | विभिन्न् | २१८०००.०० | चालु अवस्थामा रहेको |
| ४१ | ४१ | | स्टेबेलाईजर | गोटा | ६ | १८०००/- | १०८०००.०० | चालु अवस्थामा रहेको |
| ४२ | ४२ | | कलर प्रिन्टर | गोटा | १ | २२०००/- | २२०००.०० | चालु अवस्थामा रहेको |
| ४३ | ४३ | | फोटोकपी मेशिन | गोटा | १ | ५६५००/- | ५६५००.०० | चालु अवस्थामा रहेको |
| ४४ | ४४ | | स्टिल कचौरा | गोटा | १२ | १२७४/- | १२७४.०० | चालु अवस्थामा रहेको |
| ४५ | ४५ | | खण्डे थाल | गोटा | १२ | २९७५/- | २९७५.०० | चालु अवस्थामा रहेको |
| ४६ | ४६ | | प्रिन्टर टेबल फोटोकपी | गोटा | १ | २६००/- | २६००.०० | चालु अवस्थामा रहेको |
| ४७ | ४७ | | कर्नर टेबल | गोटा | १ | ७८५०/- | ७८५०.०० | चालु अवस्थामा रहेको |
| ४८ | ४८ | | अफिस -र्याक ठूलो | गोटा | १ | २५८००/- | २५८००.०० | चालु अवस्थामा रहेको |
| | | | जम्मा रु. | | | | **१४८४१४०३.९३** | |

## अनुसूची-७
## बार्षिक विनियोजन

**समग्र बजेट समिक्षा :**

| सि.नं. | ब.उ.शि.नं. | विनियोजित रकम | खर्च भएको रकम | प्रगति | | कैफिय |
|---|---|---|---|---|---|---|
| | | | | वित्तिय | भौतिक | |
| १ | ७०७२३२११३ | १,५४,६३,०००। | १,०७,८५,९११।११ | ६९.७५% | १००% | चालु |
| २ | ७०७२३२११४ | ३९,९१,०००। | २६,४४,९२९। | ६६.२७% | १००% | पूँजीग |

**सम्पादित मुख्य मुख्य कार्यक्रमको प्रगति विवरण**

| खर्च शिर्षक तथा कार्यक्रमको नाम | विनियोजित रकम | खर्च भएको रकम | प्रगति | | कैफियत |
|---|---|---|---|---|---|
| | | | वित्तिय | भौतिक | |
| कानूनी राय तथा लिखित जवाफ सम्बन्धी प्रशिक्षण कार्यक्रम | ९,२०,०००। | ४५,०००। | ४.८९% | १००% | कोभिड-१९ को कारण कार्यक्रम संचालन गर्न नसिकएको |

| | | | | | |
|---|---|---|---|---|---|
| कानून व्यवसायीको सेवा प्राप्त गर्ने निर्देशिका | २,००,०००। | १,८८,०००। | ९४% | १००% | |
| बहस पैरवी तथा प्रतिरक्षा सम्बन्धी निर्देशिका | २,००,०००। | २,००,०००। | १००% | १००% | |
| कानूनी राय सम्बन्धी निर्देशिका | १,००,०००। | ९९,०००। | १००% | १००% | |
| कारागार तथा हिरासत अनुगमन निर्देशिका | २,००,०००। | १,९८,०००। | ९९% | १००% | |
| मु.न्या.का.को आचरसहिंता | २,००,०००। | १,९८,०००। | १००% | १००% | |
| वार्षिक समिक्षा कार्यक्रम | १,००,०००। | ४५,५००। | ४६% | १००% | |
| सीप विकास तथा क्षमता अभिवृदि तालिम | १,३०,०००। | १,०५,०००। | ८१% | १००% | |

## अनुसूची -८
## कार्यालयको जनशक्ति विवरण

| सेवा/समुह | पद | मुख्य न्यायधिवक्ताको कार्यालय | | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | दरबन्दी | पदपूर्ति | रिक्त | करार | |
| संवैधानिक | माननीय मुख्य न्यायाधिवक्ता | १ | १ | ० | | |
| न्याय सेवा, सरकारी वकील समूह | राजपत्रांकित द्धितीय | १ | १ | ० | | |
| | राजपत्रांकित तृतीय | ३ | १ | २ | | |
| अन्य सेवा/समूह | अधिकृत (प्रशासन) | १ | १ | ० | | अधिकृत छैठौं |
| | अधिकृत (लेखा) | १ | १ | ० | | अधिकृत छैठौं |
| | सहायक (प्रशासन) | १ | १ | ० | | सहायक पाँचौं |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | कम्प्यूटर अपरेटर | १ | ० | १ | १ | करार |
| | हलुका सवारी चालक | १ | ० | १ | १ | करार |
| | कार्यलय सहयोगी | २ | ० | २ | २ | करार |
| | **जम्मा** | **१२** | **६** | **६** | **४** | |

## अनुसूची -९

## मुद्दागत हिसावले बाल सुधार गृहमा रहेका बालकहरुको अवस्था

| क्र सं | मुद्दा विवरण | बाल सुधार गृहमा रहेका बालकहरुको संख्या |
|---|---|---|
| १ | जवरजस्ती करणी | १२ |
| २ | कर्तव्य ज्यान | ९ |
| ३ | चोरी | ४ |
| ४ | कर्तव्य ज्यान तथा जवरजस्ती करणीमा | २ |

| | | |
|---|---|---|
| ५ | हाडनाता करणीमा | १ |
| ६ | अप्राकृतिक मैथुन | १ |
| ७ | लागु औषध | १ |
| ८ | कर्तव्य ज्यान उधोग | १ |
| ९ | आगजनी | १ |
| | जम्मा | ३२ |

## अनुसूची -१०

## बाल सुधार गृहमा रहेका बालकहरुको जिल्लागत **विवरण**

| क्र.सं | जिल्ला | बालकहरुको संख्या |
|---|---|---|
| १ | कैलाली | ४ |

| | | |
|---|---|---|
| २ | अछाम | ४ |
| ३ | बझाङ | २ |
| ४ | बाजुरा | ४ |
| ५ | कंचनपुर | ३ |
| ६ | डडेल्धुरा | ४ |
| ७ | दार्चुला | ३ |
| ८ | वैतडी | ४ |
| ९ | दाङ | ४ |
| | जम्मा | ३२ |

## अनुसूची -११

## कार्यरत कर्मचारीको विवरण

| क्र.स. | नाम | पद | कार्यरत अवधि | |
|---|---|---|---|---|
| | | | देखि | सम्म |
| १ | श्री कुलानन्द उपाध्याय | माननीय मुख्य न्यायाधिवक्ता | २०७४ चैत्र | हालसम्म |
| २ | श्री फटिकराज मुडभरी | उपन्यायाधिवक्ता | २०७५ फागुन | हालसम्म |
| ३ | श्री कविराज शर्मा पाध्या | शाखा अधिकृत | २०७५कार्तिक | २०७६ श्रावण |
| ४ | श्री सुरबहादुर परियार | शाखा अधिकृत | २०७६ श्रावण | हालसम्म |
| ५ | श्री चन्द्र प्रसाद जोशी | अधिकृत छैठौं | २०७५ बैशाख | हालसम्म |
| ६ | श्री सत्यराज पडाल | अधिकृत छैठौं | २०७६ बैशाख | हालसम्म |
| ७ | श्री बविता पौडेल | सहायक पाँचौं | २०७५ माघ | हालसम्म |
| ८ | श्री दिलसरा जैशी | क.अपरेटर | २०७५ जेठ | हालसम्म |
| ९ | श्री संजय राना | हलुका सवारी चालक | २०७५फागुन | हालसम्म |
| १० | श्री गणेश राना | हलुका सवारी चालक | २०७६ वैशाख | हालसम्म |
| ११ | श्री बबिता तिवारी | कार्यालय सहयोगी | २०७५ जेठ | हालसम्म |
| १२ | श्री कमल चौधरी | कार्यालय सहयोगी | २०७५ असार | हालसम्म |